सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १९९ ♦ २०८१ साल वैशाख २ गते आइतबार♦ 14 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मुख्यमन्त्री यादवले चौथौं पटक विश्वासको मत लिने



**खबर दर्पण समाचारदाता**

**बैशाख १ गते, जनकपुर**

संघीय गठबन्धनमा फेरबदल भएसँगै प्रदेशहरुमा समेत उथलपुथल भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव वैशाख ४ गते चौथौं पटक विश्वासको मत लिन लागेका हुन् ।

गठबन्धनबाट बाहिरिएको नेपाली कांग्रेसले प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन् । हाल सत्ता गठबन्धन दलहरुसित सम्मानजनक बहुमत रहेको छ । सरकारको नेतृत्व जनता समाजवादी पार्टी(जसपा) नेपालले गरिरहेको छ । सरकारमा नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल रहेका छन् । १ सय ७ सदस्यीय प्रदेश सभामध्ये एकजना सभासद फरार सूचीमा रहेका छन् । तैपनि बहुमतका लागि ५४ जना सभासदको समर्थन आवश्यक छ ।

## नेपाल भारतबीचको सम्बन्ध अतुलनीय : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**बैशाख १ गते, जनकपुर**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाल र भारतबीचको सम्बन्ध अतुलनीय रहेको बताउनुभएको छ । स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र भारतीय दूतावास काठमाडौंद्वारा नयाँ वर्षको अवसरमा जनकपुरधाममा आयोजित 'द्वितीय जनकपुरधाम सांस्कृतिक महोत्सव'को उदघाटन गर्दै उहाँले नेपाल-भारतबीचको सम्बन्ध हिमालभन्दा पनि उचो र समुद्रभन्दा पनि गहिरो रहेको बताउनुभयो ।

नेपाल-भारतबीचको सम्बन्ध दुई देशको सरकारभन्दा पनि जनता-जनताबीच रहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री यादवले भन्नुभयो, "यो कुराको पुष्टि रामलालाको प्राणप्रतिष्ठाको बेला दुवै देशमा देखिएको हर्षोत्सवले गरिसकेको छ ।" सीमा क्षेत्रमा सुरक्षा र राजस्वको क्षेत्रमा हुनसक्ने समस्या समाधानका लागि दुवै देशका सरकारले छलफल गरी दुवै देशलाई हित हुनेगरि कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा मुख्यमन्त्री यादवले जोड दिनुभयो ।

भारतीय महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मीना र भारतीय राजदूतावास काठमाडौंका प्रथम सचिव गीताञ्जलीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरका प्रमुख मनोजकुमार साहसहितका वक्ताले सांस्कृतिक कार्यक्रमको सफलताको शुभकामना दिनुभएको थियो ।

कार्यक्रममा संस्कृति एवम् अर्थविद डा.हरिवंश झाले माता जानकी लीला प्रसङ्गबारे चर्चा गर्नुभएको थियो । महोत्सवमा दुई देशका नारीहरुको साझा पहिरन 'साडी'को प्रदर्शनीका साथै विभिन्न किल्लाहरूको फोटो प्रदर्शनी गरिएको थियो । महोत्सवअन्तर्गत आज साँझ सांस्कृतिक कार्यक्रमको आयोजनासमेत गरिने छ । कार्यक्रममा मधेस प्रदेशसभाका सदस्यलगायत विभिन्न क्षेत्रका व्यक्तिको उपस्थिति थियो ।

## सामुदायिक भवनको शिलान्यास



**खबर दर्पण समाचारदाता**

**बैशाख १ गते, जनकपुर**

महोत्तरीको रामगोपालपुर नगर पालिकामा सामुदायिक भवनको शिलान्यास गरिएको छ । विवाह र विभिन्न उत्सवका लागि सुविधायुक्त ठाउँको आभाव भएपछि सामुदायिक भवन निर्माण गर्नको लागि शिलान्यास गरिको हो ।

रामगोपालपुर नगरपालिका - ६ बिसहमरपुरमा मधेश प्रदेशका सांसद एबम पुर्व आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री सरोज कुशवाहा र रामगोपालपुर नगर पालिका - ६ का वडा अध्यक्ष शिवजी महतोद्वारा संयुक्त रूपमा सामुदायिक भवनको शिलान्यास गरिएको हो।

मधेश प्रदेशका सांसद एवं पुर्व राज्य मन्त्री कुशवाहाले स्थानीयहरुलाई विवाह, ब्रतबन्ध लगायतका उत्सवमा सुविधायुक्त भवनको आभाव भइरहेको महसूस गरि आफ्नो बिशेष पहलमा मधेश प्रदेशका सामाजिक बिकास मन्त्रालयको बजेटबाट भवन निर्माण गराउन लागेको बताए।

रामगोपालपुर नगरपालिका - ६ बिसहमरपुरमा २० लाखको लागतमा सामुदायिक भवन निर्माण हुन लागेको वडा अध्यक्ष शिवजी महतो बताए। सामुदायिक भवन निर्माण भएपछि आवश्यक्ता अनुसार जन्तीलाई बासोबास, वर्षाको समयमा गरिव जनतालाई अस्थायी बसोबास गर्न तथा सामाजिक संघ-संस्थालाई आफ्ना गतिविधि सञ्चालनमा सहयोग हुने उनले बताए।

सामाजिक संचालको प्रयोग गर्दा
रावधानी अपनाऔं
सामाजिक मर्यादाको ख्याल गरौं

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# आज प्रकृतिमैत्री जुडशीतल पर्व

निमिष झा

हरेक धर्म, सम्प्रदाय र समुदायमा मनाइने चाडपर्वको आआफ्नै विशेषता हुन्छ । हरेक चाडपर्वको सामाजिक, धार्मिक, सांस्कृतिक महत्व हुन्छ । चाडपर्व पारिवारिक र सामाजिक सम्बन्धलाई बलियो पार्ने तथा नवीकरण गर्ने अर्को सेतु पनि हो । चाडपर्वको महत्वलाई मानव स्वास्थ्यका दृष्टिले पनि हेर्न सकिन्छ ।

हाम्रा कतिपय चाडपर्व स्वास्थ्यको दृष्टिकोणबाट पनि अति नै महत्वपूर्ण मानिएको छ । चाडपर्वलाई मानव स्वास्थ्य र वातावरण तथा प्रकृतिका दृष्टिले पनि जोड्ने गरिएको छ । चाडपर्वका बेला घरकोठा र शरीरको पनि शुद्धि गर्ने चलन छ । यो पक्ष धर्मसँग पनि जोडिएको छ । दसैंअगाडि घर पोत्ने वा सर सफाइ गर्ने, फोहोर ठाउँमा लक्ष्मीको बास हुन्न भन्ने मान्यता अनुरूप सरसरफाइ गर्ने परम्परामा धार्मिक भावनासँगै स्वास्थ्यप्रति चेतना जगाएको पाइन्छ । साउनेसङ्क्रान्तिका दिन लुतो फाल्नेलगायतका सन्दर्भ पनि स्वास्थ्यसँग जोडिएका छन् । कुन चाडपर्वका बेला के खाए स्वास्थ्य रक्षा हुन्छ भन्ने आधुनिक विज्ञानको प्रादुर्भाव हुनुभन्दा धेरैअगाडि चल्दै आएको परम्परा हो । माघेसङ्क्रान्तिमा घिउ र चाकु खाएर शरीरलाई ताप प्रदान गर्ने, गर्मीको मध्यमा पर्ने अक्षय तृतीयामा सातु खाएर शीतलता प्राप्त गर्ने, जनैपूर्णिमाका दिन क्वाँटी खाने परम्परा स्वास्थ्यका दृष्टिले पनि अनुकूल छ । प्रकृतिसँगको निकटता र वातावरणमा पाइने जीवजन्तुमैत्री बनाउन पनि चाडपर्वहरूको ठुलो भूमिका छ ।

नागपञ्चमीमा सर्पको पूजा होस् वा तिहारमा काग, कुकुर, गाईगोरुको पूजा, यी सबै हाम्रो वातावरणमा रहेका जीवजन्तुको पहिचान एवं संरक्षण गरी तिनबाट फाइदा लिन प्रेरित गरिरहेका हुन्छन् । यसले प्रकृतिको संरक्षण गर्न निर्देश गरिरहेका हुन्छन् । दसैंमा फूलपातीका रूपमा प्रयोग हुने वनस्पतिको पूजाले पनि तिनको महत्वबारे बुझ्न र संरक्षण गर्न प्रेरित गर्छ । प्रत्येक चाडपर्वको उद्देश्य धार्मिक कृत्य भए पनि अन्तर्य भने प्रकृति र वातावरणको संरक्षण नै रहेको पाइन्छ । यस कारण नेपालमा मनाइने विभिन्न चाडपर्वले धार्मिक महत्व बोक्नुका साथै वातावरण संरक्षणमा पनि अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।


निमिष झा

**प्रकृतिप्रेमी पर्व**

मिथिलामा मनाइने मुख्य चाड जुडशीतल पनि एउटा यस्तै प्रकृतिमैत्री र वातावरण संरक्षणको लोकपर्व हो । यद्यपि मिथिलाका अन्य चाडपर्वहरू पनि प्रकृति र वातावरण संरक्षण गर्न अभिप्रेरित गरिरहेको छ । तर, वैशाख १ गते नयाँ वर्षको दिन मनाइने जुडशीतल पर्वको महत्व भिन्न छ । वैशाखदेखि भदौसम्म मिथिलामा असह्य गर्मी हुन्छ । त्यस अनुसार खानपानसँगै जीवनशैली पनि फेरिन्छ । मिथिलामा जाडोयाममा कठ्याङ्ग्रिने चिसोले सताउँछ भने गर्मीमा छाला डढाउने तातोको सामना गर्नु पर्छ । वैशाखबाट सुरु हुने गर्मीको प्रभाव भदौसम्म रहन्छ । यस्तो अवस्थामा शरीरको तापक्रम सन्तुलन राख्न र शरीरलाई शीतलता प्रदान गर्न खानेकुरासँगै पहिरन र जीवनशैलीमा परिवर्तन ल्याउन यस्ता पर्वले अभिप्रेरणा दिन्छ ।

जुडशीतल पर्वको धार्मिक महत्व त छँदै छ, सँगै प्राकृतिक महत्व पनि कम छैन । हाम्रा पुर्खाले गर्मी छेक्न र गर्मीसँग लड्न सकियोस् भनेर यो पर्व मनाउन थालेका हुन् तर हिजोआज प्रकृतिमाथि मानिसहरूको ज्यादती बढ्दो छ । त्यसैले जुडशीतल पर्वलाई प्रकृति संरक्षणको महत्वपूर्ण अभियानका रूपमा लिन सकिन्छ । सूर्यको तापबाट आकुलव्याकुल मानवलाई शीतलता दिन नयाँ वर्षको सुरुवातसँगै वैशाख २ गते मनाइने मिथिलाञ्चलको लोकपर्व जुडशीतल हो । सौरमास गणनाले विक्रम संवत् परम्पराको नयाँ वर्ष प्रारम्भसँगै यो पर्व दुई दिनसम्म मनाइन्छ । जीवनमा शीतलता जोड्ने भावमा 'जुड' र 'शीतल' जोडेर 'जुड-शीतल' वा 'जुडशीतल' भन्न लागिएको विश्वास गरिन्छ ।

मिथिलामा यस पर्वलाई विशिष्ट कृषि सांस्कृतिक पर्व मानिएको छ । प्रकृति र स्वास्थ्यसँग सम्बन्धित यस पर्वलाई नयाँ वर्षका रूपमा समेत मनाइन्छ भने थारू समुदायले यसलाई सिरुवा पर्वका रूपमा मनाउने गर्छन् । दुवै पर्वको उद्देश्य सूर्यको तापबाट आकुलव्याकुल मानवलाई शीतलता प्रदान गर्नु नै हो । वर्षको पहिलो दिन वैशाख १ गतेलाई मिथिलामा सतुवाइन भनिन्छ । पहिलो दिन चना, बदाम, जौ, मकै, कागुनो, गहुँ, चामल र मुँगसहित सातथरि खाद्यान्नको सातु र माटोको अङ्कुरामा सखरको सर्वत बनाएर कुलदेवतालाई चढाएपछि कुलपुरोहित, ब्राह्मण र साधुलाई दान गरिन्छ । दोस्रो दिन अर्थात् वैशाख २ गते जुडशीतल मनाइन्छ । मानवसहित प्राणी र वनस्पतिलाई चर्कंदो गर्मीबाट त्राण दिन र शीतलता दिने भएकाले यसलाई प्रकृति पूजाको पर्वसमेत भनिन्छ । यो प्रकृतिसँग जोडिएको लोकपर्व हो । यसमा प्रकृतिमैत्रीका सुन्दर तम सन्देश अन्तरनिहित छन् ।

नयाँ वर्षको सुरुवात भएको भोलिपल्ट मनाइने जुडशीतलमा एकाबिहानै बुबाआमा, गुरु, मान्यजन एवं ज्येष्ठ व्यक्तिले सानालाई वर्षभरि सुख, समृद्धि, शान्ति, आरोग्यता, शीतलता र दीर्घजीवन एवं उत्तरोत्तर प्रगतिको कामनासहित शिरमा पानी छर्किंदै आशीर्वाद दिने चलन छ । वैशाखको चर्को घामबाट तातेको वातावरण र शरीरमा शीतलताका लागि टाउकोमा पानी छर्कने जुडशीतल पर्वमा नयाँ वर्षको स्वागत गर्ने परम्परा मिथिलामा छ । ठुलाबडाले परिवारका सदस्यको जीवन शीतलतामा परिणत होस् अर्थात् शान्तिपूर्वक बितोस् भन्ने कामनासहित लोकसंस्कृतिसँग जोडिएको जुडशीतललाई प्रकृति पूजाको पर्व मानिएको हो । मानवलाई मात्र होइन, प्रकृतिसँग जोडिएका खेतबारीमा लगाइएका बोटबिरुवामा पानी हाल्ने भएकाले पनि यसलाई प्रकृति पूजाको पर्व मानिँदै आएको हो ।

यस पर्वमा शीतलताको कामना सूर्यको कडा तापविरुद्ध हुन्छ । वैशाखदेखि सूर्यको ताप वृद्धि हुने गरेका कारण यस पर्वमा मानव मात्रको कल्याण नभई पशुपन्छी, लतावृक्ष, बोटबिरुवालाई पानी जुराउने गरिन्छ । जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि आवश्यक चिस्यानको कमी नहोस् भन्ने सन्देश प्रवाह गर्छ । यो पर्व थारू समुदायमा सिरुवा पर्वको नामले चिनिन्छ । थारू समुदायमा सिरुवाको नामले मनाइने यो विशुद्ध कृषि एवं सांस्कृतिक तथा सामाजिक सद्भाव, भाइचारा, आदर्श एवं सम्बन्ध विस्तार गर्ने पर्वका रूपमा रहेको छ । पाको उमेरका व्यक्तिले आफूभन्दा सानाको टाउकोमा चिसो पानी राखेर आशीर्वाद दिने तथा आशीर्वाद थाप्नेले खुट्टा छोएर दण्डवत गर्ने परम्परा थारू समुदायमा पनि छ । पर्वको अवसरमा घरआँगन सफा गर्नु, रुख-बिरुवामा पानी हाल्नुका साथै हिलो छ्याप्ने गरिएकाले वातावरणीय दृष्टिकोण पनि सिरुवा र जुडशीतल पर्व महत्वपूर्ण मानिन्छन् । मिथिला मुख्यतः कृषि प्रधान क्षेत्र भएकाले यहाँ मनाइने चाडपर्वमा कृषि संस्कृतिको प्रभाव देखिन्छ । फलतः यस पर्वमा पनि कृषि कर्मबाट उत्पादित उत्पादनको प्रयोग उदाहरणीय एवं उल्लेखनीय मानिन्छ । मिथिलामा मनाइने अधिकांश लोकपर्व कृषिमा आधारित संस्कृति अनुसार नै मनाइने चलन छ । कात्तिकमा मनाइने प्रमुख पर्व छठ पनि कृषि परम्परामै आधारित पर्व हो । गर्मीको सुरुवात हुने वैशाखमा सूर्यको तापको असर रोक्न जुडशीतल हो । दुवै पर्वमा कृषि परम्परालाई प्रधानता दिइएको छ ।

**पानीको पर्व**

मिथिलाका पर्वहरू यहाँको जीवन पद्धति, परम्परा, मौसम परिवर्तन र ऋतुचक्रको दृष्टिले स्थापित भएको हो । लोकपरम्परामा जलदानको महत्व आज पनि छ । घरमा पाहुना पुगेपछि सबैभन्दा पहिला पानी दिएर नै स्वागत गरिन्छ । कतै कतै पानीमा मिस्री मिसाएर पनि खान दिइन्छ । यहाँको गर्मीलाई छल्न पानीको सहजताका लागि लोकसंस्कारहरू विकसित भएका हुन् । यस क्षेत्रका पानीको जलभण्डारणका रूपमा रहेको चुरे पर्वत शृङखला र त्यस वरिपरिका वनमा व्यापक दोहन सुरु भइरहेको छ । जसले पानीको सङ्कट निम्त्याएको छ । पानी प्रबन्धनको पुराना विधिहरूको संरक्षण र त्यसको अन्तरसामुदायिक हस्तान्तरणका बारेमा दृष्टि दिन जुडशीतल जस्ता पर्वले मौका दिएको छ । यस पर्वले पानीको सङ्कटले बदलिँदो सामाजिक आर्थिक चक्रलाई पनि प्रतिविम्बित गर्छ । त्यसैले जुडशीतल पर्व अहिले पानीको पवित्रता, मुहानको संरक्षण, भण्डारण र सहज उपलब्धताप्रति बेलैमा सचेत हुन प्रेरित गर्छ । यस पर्वमा इनार, कुवाको पनि जीर्णोद्धार गरिन्छ । यसमा जिउभरि हिलो दल्ने परम्परा पनि रहेको छ । मल र हिलोसँग मानव शरीरको सृष्टि भएको तथ्यलाई यस पर्वले निरन्तरता दिँदै आएको छ । जिउभरि हिलो दल्नुलाई प्राकृतिक चिकित्सामा 'पङ्क स्नान' भनिन्छ । ग्रीष्मको प्रचण्ड तापले सम्भावित रोगको निदानका सन्दर्भमा 'पङ्क स्नान' को प्रथा सुरु भएको मानिन्छ ।

जुडशीतलका दिन सुकिसकेको इनार र पोखरीमा नयाँ जलले सिञ्चित गरेर सफा गर्ने गरिन्छ । यो पानीको स्रोत जोगाउन र वातावरण संरक्षणतर्फ धार्मिक शिक्षा पनि हो । यो पर्व मिथिलामा प्रकृतिसँग जोडिएको संस्कृतिका रूपमा पनि छ । जलवायु परिवर्तन र यसको असर बढिरहेका बेला जुडशीतल पर्वको महत्व अझै सान्दर्भिक बनेको छ । प्रकृतिले मानवलाई धेरै कुरा दिए पनि मानवले प्रकृतिको संरक्षणमा ध्यान नदिने गरेको हुँदा यस पर्वले मानवलाई प्रकृतिप्रति उदार हुन सिकाउँछ ।

जल र जमिनबिना मानवको विकास सम्भव नरहेको र अहिले जल र जमिन विनाश भइरहेको सन्दर्भमा भविष्यमा विपत् निम्त्याउने खतरालाई रोक्न यस पर्वको विशिष्ट महत्व छ । सुक्खा मौसममा रुखबिरुवा सुक्ने तथा विभिन्न रोग लाग्ने भएकाले पानी हाल्न यो पर्वले सिकाउँछ । पानी हालेपछि रुखबिरुवा फस्टाउने मान्यता छ । नयाँ वर्षमा प्रवेश गर्दा स्वच्छ वातावरण, स्वच्छ पानी, स्वच्छ जिउ, स्वच्छ र रुचिकर खानासँगै तापविरुद्ध लड्ने शक्तिको प्रवेशका लागि प्रेरणा दिनु नै यस पर्वमा निहित सन्देश हो । जाडो सकिएर गर्मी लागेसँगै मनाइने यो पर्वको वैज्ञानिक महत्व उत्तिकै छ ।


## विषादीको प्रयोगमा सचेत बनौं

- **विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु :**
- **थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।**
- **छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।**
- **आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखी भौ फरफराउनु ।**
- **नाक पोल्ने, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक(वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।**
- **हिंड्दा लडखडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ(स्वाँ बढ्नु, र मुर्छा पर्नु ।**

**त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकाले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।**

**मटिहानी नगरपालिका**
**महोत्तरी**

# एकै ओभरमा ६ छक्का हानेर दीपेन्द्रले नेपालीलाई दिए नयाँ वर्षको उपहार

**खबर दर्पण समाचारदाता**
**बैशाख १ गते, काठमाडौं**



वर्ष ०८० नेपाली क्रिकेटका लागि स्वर्णिम रह्यो। आईसीसी विश्वकपमा स्थान बनाउनुका साथै एसीसी प्रिमियर कपको उपाधि जित्यो। भारत र पाकिस्तानजस्ता क्रिकेटका हस्तीसँग प्रतिस्पर्धा गर्ने अवसर नेपाली क्रिकेट टोलीले पायो। त्यसबाहेक क्रिकेट खेलाडी पनि आफ्नो खेल कलाले चम्किन पुगे। नेपाली क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले सर्वाधिक छिटो अर्धशतक बनाउने दुर्लभ विश्वकीर्तिमान रचे।

क्रिकेटमा चम्किएका उनै दीपेन्द्रले वर्ष ०८१ को सुरुआतमै कीर्तिमान बनाए। नेपालबाट एकै ओभरमा ६ छक्का हान्ने पहिलो खेलाडी बने।विश्वका क्रिकेट हस्तीसँग नाम दर्ज गराउन सफल भए।

शनिबार एसीसी प्रिमियर कपअन्तर्गत कतारविरुद्ध भएको खेलमा ऐरीले एकै ओभरमा ६ छक्का हिर्काएका हुन्। ओमनमा जारी एसीसी टी-२० प्रिमियर कपमा दीपेन्द्रले कतारका मिडियम पेसर कम्रन खानलाई अन्तिम ओभरमा ६ छक्का प्रहार गरेर इनिङ सकाए।

२१ बलको सामना गरेका दीपेन्द्रले नेपालका लागि ६४ रनको योगदान गरे। २१० रनको योगफल तयार पारेको नेपालले कतारलाई ३२ रनले पराजित गर्दै वर्ष ०८१ को सुखद् सुरुवात गर्‍यो।

दीपेन्द्र एकै ओभरमा ६ छक्का प्रहार गर्ने ५ औं अन्तर्राष्ट्रिय खेलाडी बन्दै विश्व क्रिकेटका हस्तीसँग नाम दर्ज गराउन सफल भए। भारतका युवराज सिंहले सन् २००७ को टी-२० विश्वकप र वेस्ट इन्डिजका पूर्वकप्तान काइरन पोलार्डले २०२१ के टी-२० आई सिरिजमा एकै ओभरमा ६ छक्का हिर्काएका थिए।

यस्तै, दक्षिण अफ्रिकाका ब्याटर हर्सल गिब्सले सन् २००७ को एक दिवसीय विश्वकप र अमेरिकाका जसकरण मलहोत्राले २०२१ मा पपुवा न्युगिनीविरुद्ध ओडीआईमा एकै ओभरमा ६ छक्का प्रहार गरेको रेकर्ड छ।

गत वर्ष ०८० (सेप्टेम्बर)मा दीपेन्द्रले मंगोलियाविरुद्धको टी-२० आईमा दुई फरक ओभरमा लगातार ६ बलमा ६ छक्का हानेका थिए। त्यसबेला दीपेन्द्रले ९ बलमै ५० रन पूरा गरेर विश्वकीर्तिमान बनाएका थिए।

कठिन संघर्षका बीच सुदूर पश्चिमबाट उदाएका क्रिकेटर दीपेन्द्र अहिले नेपाली टोलीका एक भरपर्दा खम्बा भइसकेका छन्। र, आफ्नो जादूमय क्रिकेट कलाले विश्वमाझ नेपाललाई चिनाउँदै छन्।

**दीपेन्द्रको क्रिकेट लगाव**

कञ्चनपुरको भीमदत्त नगर पालिका-८, तिलाचौरमा दीपेन्द्रको घर छ। दीपेन्द्र बिहानै ५-६ किलोमिटर हिँडेर क्रिकेट सिक्न महेन्द्रनगर खुलामञ्च र कबर्ड हल पुग्थे।

विसं २०५६ सालमा जन्मिएका दीपेन्द्रले कक्षा १० सम्मको पढाइ गाउँकै विद्यालयबाट गरेका थिए। त्यसपछि उनले उच्च शिक्षा सनराइज कलेज, महेन्द्रनगरमा लिए। कलेज पढ्दै गर्दा उनी त्यहाँबाट विभिन्न ठाउँमा क्रिकेट खेल्न गए। त्यसै क्रममा प्रदर्शन गरेको जादुमयी क्रिकेट कलाले उनी राष्ट्रिय टोलीमा पर्न सफल भएका थिए।

'ऊ (दीपेन्द्र) निकै मिहेनती थियो। उसमा क्रिकेटको जुनुन छ। त्यहीँ जुनुनले कति धेरै दुःखकष्ट छिचोल्दै आज ऊ यो स्थानमा पुगेको हो,' १३ वर्ष कञ्चनपुरमा क्रिकेट प्रशिक्षण गराएका वीरेन्द्र शाही भन्छन्, 'उसको आफ्नै तरिकाको खेल छ। क्रिकेटको जस्तोसुकै जिम्मेवारी पनि उसले सजिलै ह्याण्डल गर्न सक्छ।'

शाहीले दीपेन्द्रलाई प्रशिक्षण गरेका थिए। उनले करिब १३ वर्ष कञ्चनपुरमा क्रिकेट प्रशिक्षकको भूमिका निर्वाह गरे। उनै शाही अहिले क्रिकेट प्रशिक्षकका रूपमा कर्णाली प्रदेशमा छन्।

'त्यो खेल्ने पिच नै थिएन। सुरुमा मञ्चमा अभ्यास गराउँथ्यौं। दीपेन्द्रको परिवारको अवस्था पनि खासै राम्रो थिएन,' शाहीले भने, 'दगुरेरै क्रिकेट अभ्यास गर्न आउथ्यो। विश्वमाझ देशलाई चिनाउँदा निकै हर्षित छु।'

उनका अनुसार, दीपेन्द्रले ब्याटिङ, बलिङ र फिल्डिङ सबै पक्षमा आफूलाई प्रमाणित गरेका छन्। दीपेन्द्र सुरुमा पेस बल फाल्थे। पछि ढाडको समस्याले गर्दा बलिङमा चुनौती देखिएपछि उनी स्पिन बल फाल्न थालेका हुन।

शाही भन्छन्, 'उनी मजाले टिकेर पनि खेल्न सक्छन्। आक्रामक खेल्न पनि समस्या छैन।'

**मोजाको बल, गह्वा नै मैदान**

दीपेन्द्र सानैदेखि खेलकुदमा रुचि राख्थे। विद्यालयमा हुने हरेक खेलमा सहभागी भएर उनी प्रथम स्थान हासिल गर्थे। क्रिकेटमा लगाव धेरै थियो, उनको।

दीपेन्द्र ठाउँठाउँमा हुने क्रिकेट टुर्नामेन्ट खेल्न गइरहन्थे। गाउँमा क्रिकेट मैदान हुँदैनथे। बल पनि भेटाउन गाह्रो हुन्थ्यो।

कहिले खेती भित्र्याएपछि खाली बनेका गह्वालाई मैदान बनाउँथे त कहिले खोला किनारका चौरलाई। बल नहुँदा मोजाभित्र भुस राखेर पनि क्रिकेट खेल्थे, दीपेन्द्र।

'खेलमा सानैदेखि रुचि हो। गह्वा, खोला किनारमा मोजाको बल बनाएर क्रिकेट खेल्थ्यो,' स्थानीय मनोज महराले भने।

**कीर्तिमानसम्म दीपेन्द्र**

२४ वर्षीय दायाँ हाते ब्याट्सम्यान दीपेन्द्रले सन् २०१७ को मार्च ११ मा केन्याविरुद्धको खेलबाट नेपाली राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। त्यसअघि उनी उमेर समूहको नेपाली टोलीमा थिए।

त्यहाँ उनले आफ्नो क्षमता प्रदर्शन गरिसकेका थिए। आईसीसी विश्वकप लिग च्याम्पियनसिपमा तत्कालीन कप्तान पारस खड्का घाइते भए। उनको विकल्पमा ऐरीले केन्याविरुद्धको खेलमा डेब्यू गरे।

अहिले उनै पारस नेपाल क्रिकेट संघ (क्यान) को सचिव निर्वाचित भएकै साता ऐरीले विश्व कीर्तिमान रचे।

अलराउन्डर ऐरी अहिले नेपाली क्रिकेट टोलीका बलिया खम्बाका रूपमा चिनिन्छन्। सन् २०१८ मा नेदरल्यान्डस्विरुद्धको खेलबाट उनले नेपाली टोलीबाट ओडीआईमा डेब्यु गरेका हुन्।

उनी नेपाल प्रहरीको क्रिकेट क्लबमा पनि आबद्ध छन्। दीपेन्द्रले फ्रेन्चाइज लिगसमेत खेल्ने अवसर पाएका छन्।

**खेलकुदप्रेमी परिवार**

बुवा गगनसिंहका ४ छोरा र ४ छोरी गरेर ८ सन्तान छन्। तीमध्ये दीपेन्द्र साइँला हुन। उनी मध्यम वर्गीय परिवारको प्रतिनिधित्व गर्छन्। बुवा गगन वन विभागमा वन रक्षक पदमा काम गर्थे। विसं २०३३ सालमा जागिरे भएका उनी केही वर्षअघि निवृत्त भए।

त्यति मात्रै होइन, गगनसिंह तेक्कान्दो र भलिबलका खेलाडी पनि हुन्। सशस्त्र प्रहरीमा जागिरे छोरी राजमती पनि क्रिकेट खेल्छिन्।दीपेन्द्रका जेठा दाइ रमेश र माइला भूपेन्द्र पनि क्रिकेट खेल्थे। जिल्लास्तरमा उनीहरूले क्रिकेट खेलेको थिए।

**भारतलाई हराएको त्यो खेल**

नेपालले छिमेकी भारतलाई क्रिकेटमा अहिलेसम्म एकपटक मात्रै हराएको छ। १९ वर्षमुनिको टोलीले क्रिकेटको महारथी मानिने भारतविरुद्ध ऐतिहासिक जित निकाल्दा ऐरीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

उनी यू-१९ एसिया कप २०१७ को त्यो खेलमा नेपालका कप्तान थिए। सो खेलमा उनले भारतविरुद्ध ८८ रन बनाएका 'म्यान अफ द म्याच' बनेका थिए।

नेपाली राष्ट्रिय टोलीमा तुलनात्मक रूपमा सुदूरपश्चिम क्षेत्रका खेलाडीको बाहुल्य छ। पर्याप्त खेल संरचना र खेलकुद प्रतियोगिताको अभावकै बीच उदाएका क्रिकेट खेलाडीले नेपाली क्रिकेटको उज्ज्वल भविष्य कोरिरहेका छन्।


## आगलागी तथा डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं ।
- सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्तीसमेत उडाज हुन सक्छन् ।
- जनधन र वनको संरक्षण गरौं ।

सचेत बनौं, डढेलो तथा आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

गणेशमान चारनाथ नगरपालिका
धनुषा



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनकपुरमा प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सुरु




**खबर दर्पण समाचारदाता**

**बैशाख १ गते, जनकपुर**

मधेश प्रदेशस्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता शुक्रबारदेखि राजधानी जनकपुरधाममा सुरु भएको छ ।

खेलकूद तथा समाजकल्याण मन्त्री सुरिता कुमारी साहले राष्ट्रिय प्रशिक्षक भरत यादवलाई भलिवल प्रदान गरेर प्रतियोगिताको उद्घाटन गरेका छन् ।मन्त्री साहले मधेश प्रदेशमा खेलकूदको विकासको लागि सरकार प्रतिबद्ध रहेको बताइन् । खेल र खेलाडीलाई अघि बढाउन प्रदेश सरकारले केही दिनभित्रै खेलकूद सम्बन्धी विधेयक ल्याउने प्रतिबद्धता समेत जनाइन् ।

उनले मधेश प्रदेशमा खेल र खेलाडीको विकासमा सरकार ठोस नीति बनाएर अघि बढ्नलागेको जानकारी दिइन् ।

खेलकूद तथा समाज कल्याण मन्त्रालयका सचिव चुडामणि फुयालको सभापतित्वमा भएको उद्घाटन सत्रमा प्रदेशसभा सदस्य रामअशिष यादवले खेलाडी र प्रशिक्षकलाई व्यस्त राख्नुपर्नेमा जोड दिए ।

प्रदेशका सामुदायिक विद्यालयहरुमा प्रशिक्षक नियुक्त गरेर खेलकूदको गतिविधि अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

खेलाडी र प्रशिक्षकलाई खेलमा व्यस्त राखेरै खेलकूदको विकास गर्न सकिने तर्क यादवको थियो । यसले खेलाडीलाई खेलप्रति थप समर्पित भएर खेल्न प्रेरित गर्ने विश्वास उनले व्यक्त गरे । नेपाल कराँते संघले देशैभर रहेको ३६ हजार सामुदायिक विद्यालयमा कराँते प्रशिक्षक नियुक्तीको लागि राष्ट्रिय खेलकूद परिषद्मा माग गरि रहँदा प्रशिक्षकहरुले पनि प्रदेशमा सामुदायिक विद्यालयमा प्रशिक्षक नियुक्तीको माग गरे ।नेपाल कराँते संघ मधेश प्रदेशका अध्यक्ष रामचन्द्र ठाकुरले प्रदेशका सामुदायिक विद्यालयहरुमा करार सेवामा भएपनि कराँते प्रशिक्षक नियुक्त गर्नुपर्ने माग गरे ।‘खेलकूद विकासको सुरुवात विद्यालयबाटै गर्नुपर्छ’, उनले भने ‘यसको लागि सामुदायिक विद्यालयमा प्रशिक्षक नियुक्त हुनुपर्छ ।’

प्रशिक्षक नियुक्त हुँदा रोजगारी पाउनका साथै खेलाडी उत्पादनमा समेत सहयोग पुग्ने तर्क उनले गरे ।सो अवसरमा भलिवलका राष्ट्रिय प्रशिक्षक भरत यादवले खेलकूदलाई प्राथमिकतामा राखेर अघि बढ्न प्रदेश सरकारलाई आग्रह गरे । ‘शिक्षालाई मानिसमा बौद्धिकताको विकास गर्छ भने खेलले अनुशासनको । त्यसैले खेलको विकास पनि शिक्षासँगै अघि बढाउनुपर्छ’ उनले भने ।बैशाख २ गतेसम्म चल्ने प्रदेशस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा आठै जिल्लाबाट खेलाडी र अफिसियलसहित करिब आठ सय ५० जनाको सहभागिता रहेको अजित मिश्रले जानकारी दिए ।

भलिवल, कराँते, उसु, ताइक्वान्दो, एथलेटिक्ससहितका खेलमा ४ सय ८ पदकको लागि प्रतिस्पर्धा हुने भएको छ

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव‘यदुवंशी’ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा